दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २५ | बुटवल | २०८१ माघ ०६, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Jan 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# गौमुखीको बेरूजु ९ करोड २७ लाख

**प्युठानको गौमुखी गाउँपालिकाको गत आर्थिक वर्षको मात्रै ५ करोड ९ लाख १ हजार रूपैयाँ बेरुजू भएको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ। पालिकामा वित्तीय व्यवस्थापनमा मनपरी र गम्भीर त्रुटि पाइएको महालेखाले औंल्याएको छ।**

**लवकुमार अधिकारी**

*प्युठान*

प्युठानको गौमुखी गाउँपालिकामा वित्तीय व्यवस्थापनमा मनपरी र गम्भीर त्रुटिहरू पाइएको छ। महालेखाको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा गाउँपालिकामा वित्तीय व्यवस्थापनमा गम्भीर समस्या भएको भन्दै यसले बेरुजु रकम बढाउँदै लगेको औंल्याइएको हो। गाउँपालिकामा आर्थिक २०७९।०८० मा ५ करोड ९ लाख १ हजार रूपैयाँ बेरुजु देखिएको छ। गाउँपालिकाले गत वर्ष सम्म लेखापरीक्षकले सम्परीक्षण गर्दा ४ करोड १८ लाख ६४ हजार रूपैयाँको मात्र प्रतिक्रिया प्राप्त भएको छ। प्रतिवेदन अनुसार, गाउँपालिकाको हालसम्मको कुल बेरुजु रकम ९ करोड २७ लाख ६५ हजार पुगेको छ।

बेरुजु मध्ये ९ लाख ९० हजार असुल गर्नुपर्ने, १ करोड २४ लाख ७७ हजार रूपैयाँको कागजात पेस गर्नुपर्ने र ३ करोड ४५ लाख ५१ हजार नियमित गर्नुपर्ने महालेखा परीक्षक कार्यालयको प्रतिवेदनमा उल्लेख छ। त्यसैगरी, २८ लाख ८३ हजार पेश्की बाँकी रहेको उल्लेख छ। गत आर्थिक वर्ष ५ करोड ९ लाख १ हजार रूपैयाँ बेरुजु कायम रहेको उल्लेख छ।



प्रतिवेदनमा गाउँपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार नगरेको, स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको विश्लेषण गरिएको छ । गाउँपालिकाले कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको प्रतिवेदनले औँल्याएको छ। अनुदानको पर्याप्त अनुगमन नभएको र वितरणमुखी कार्यक्रम सञ्चालन गरेको पनि महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

**कमजोर आन्तरिक नियन्त्रण प्रणाली**

गाउँपालिकामा कमजोर आन्तरिक नियन्त्रण प्रणाली हुँदा वित्तीय व्यवस्थापनमा सङ्कट उत्पन्न भएको जनाएको छ । गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने भए पनि त्यसो नगरेको मलेपको प्रतिवेदनमा उल्लेख छ। यस्तै पालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तोकिएको ढाँचा अनुरूप नियन्त्रण प्रणाली तयार नगरेको जनाएको छ । प्रतिवेदनमा पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन र अभिलेखीकरण नगरेको, विकास योजनाहरू तयार नगरेको र कार्यक्रमगत तथा योजनागत खाता व्यवस्थित नराखेको पाइएको उल्लेख छ।

त्यसैगरी राजस्व सङ्कलनमा बैंकिङ्ग प्रणालीको पूर्ण प्रयोग नभएको, जिन्सी व्यवस्थापन कमजोर रहेको र बेरुजु लगत तथा प्रतिवेदन तयार नगरेको समेत फेला परेको प्रतिवेदनले जनाएको छ । यस्तै योजना कार्यान्वयनतर्फ पनि उपभोक्ता समितिहरूको दर्ता नभएको, निर्माण कार्यको गुणस्तर परीक्षण नगरिएको,योजना अनुगमन पश्चात प्रतिवेदन पेश नगरेको र योजना हस्तान्तरण तथा मर्मत सम्भार कार्यविधि नबनाएको पाइएको प्रतिवेदनमा उल्लेख छ।

कर्मचारीमा ८१ लाख बढी अनियमित खर्च

करार कर्मचारी नियुक्त गरेर गौंमुखी गाउँपालिकाले ८१ लाख ४३ हजार ४ सय ८० रूपैयाँ अनियमित खर्च गरेको प्रतिवेदनमा उल्लखे छ। पालिकाले विभिन्न पदमा ५७ जना कर्मचारी करारमा राखी निजहरूको तलब भत्ता बापत यस आर्थिक वर्षमा मात्रै १ करोड ३० लाख ४९ हजार २६० रूपैयाँ खर्च गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ ९८० बमोजिम पालिकाले सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ।

तर गौंमुखी गाउँपालिकाले माथि उल्लेखित पद बाहेक खर्च बेहोर्ने श्रोतको सुनिश्चतता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणबिना प्रशासन सहायक ५,अनमी ९,अहेव १०,असई ७,सई एक, नाप्रसेप्रा १,नाप्रस्वाप्रा २,हेल्थ असिस्टेन्ट १ समेत गरी ३६ जना दरबन्दी सभाको निर्णयले पदम कर्मचारी करारमा नियुक्ति गरी उनीहरूको तलब भत्ता बापत ८१ लाख ४३ हजार ४ सय ८० रूपैयाँ भुक्तानी गरेको छ।

गौंमुखी गाउँपालिकाले क्षेत्राधिकार भन्दा बाहिर गई करारमा कर्मचारी भर्ना गरी उनीहरूका लागि गरेको उक्त खर्च नियमसम्मत नदेखिएको भन्दै सो रकम अनियमित भएको प्रतिवेदनले औँल्याएको छ।

**शिक्षकको रकम नै अनियमितता**

प्रतिवेदन अनुसार, गौमुखी गाउँपालिकाले शिक्षकको तलव भत्ता बाँडेको रकम नै अनियमितता ठहर गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन–२०७४ बमोजिम स्थानीय तहलाई राजस्व बाँडफाँड(संघीय सरकार बाट प्राप्त हुने रकम बाट यस्तो विद्यालयको शिक्षक कर्मचारीको तलब भत्ता खर्च गर्न मिल्ने कानुनी आधार नदेखिएकाले उक्त रकम नियमित देखिएको छैन् ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलव भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ।

तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थी अनुपात वेगर तथा दरबन्दी मिलान वेगर पालिकाका विभिन्न विद्यालयको साउन देखि असोज सम्मको चाडवाड र शिक्षक तलवको नाममा वार्षिक रु २ करोड १५ लाख ४ हजार १३७ रुपैयाँ अनियमित भएको हो।

» *बाँकी ३ पेजमा*

## स्कूल बसमा ट्राफिक चेकिङ्ग

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरमा स्कूल बसमा पनि ट्राफिक उल्लंघन हुने गरेको घटनाहरु बाहिर आएपछि नवलपुरमा ट्राफिक प्रहरीले ट्राफिक चेकिङ्ग बढाएको छ।

नवलपुरका गैडाकोटमा पहिलो पटक गरिएको ट्राफिक चेकिङमा ९ वटा सवारी साधन कारवाहीमा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर कावासोतीका प्रमुख जनकराज बन्जाराले बताए।

स्कूल बसमा खास गरेर सिट क्षमता भन्दा बढी विद्यार्थी राखेर बोक्ने गरिएको कतिपयले बसको बिलबुक समेत नबोक्ने गरेको पाइएको बन्जाराले बताए ।जिल्ला बाल क्लब नवलपुरको नेतृत्व, जिल्ला ट्राफिक कार्यालयको समन्वय साथै एन. सि. सि. अल्मुनाई एशोसिएसन नवलपुर जिल्ला कमिटी र अस्थायी प्रहरी पोष्ट गैंडाकोटको उपस्थितिमा गैंडाकोट ०२ स्थित पूर्व पश्चिम राजमार्गमा स्कूल बस चेकजाँच गरिएको हो ।बिहान ९ बजेदेखि १०:३० र बेलुकी ३:४० - ५:३० सम्मको समयमा चेकजाँच गरिएको हो।

विद्यालय बस सञ्चालन निर्देशिका - २०७४ को मापदण्ड विपरीत सञ्चालनमा आएका एरोमा, एपेक्स, मामाघर एकेडेमी, साईनिङ स्कूल र अक्स्फोर्ड कलेज गरी ४ विद्यालयका ९ गाडी कारवाहीमा परेका छन् ।कारवाहीमा पर्ने अधिकतम एरोमा कलेज चितवनको ५ गाडी, एपेक्स एकेडेमी चितवन, साईनिङ स्कूल गैंडाकोट, अक्स्फोर्ड कलेज गैंडाकोट र मामाघर एकेडेमी कावासोतीको १ - १ गाडी गरी जम्मा ९ गाडी कारवाहीमा परेका हुन।

जिल्ला बाल क्लबका सचिव साथै एन. सि. सि. अल्मुनाई एशोसिएसन नेपाल, नवलपुर जिल्ला कार्यसमिति निर्देशक विशाल सापकोटाले विद्यालय बस सञ्चालन निर्देशिका बमोजिम गाडीमा प्राथमिक उपचार किट, फायर एक्सटिंगीशर, आपतकालिन ढोका साथै ह्यामर पनि नरहेको र कतिपय गाडी विद्यार्थी बोक्न योग्य नरहेको पाइएको बताए।

## मानव सेवा आश्रमको ऋण तिर्न मणिग्राममा महायज्ञ




तिलोत्तमा । मानव सेवा आश्रमले रुपन्देहीको तिलोत्तमा ५ मणिग्राममा आगामी सोमबारदेखि सञ्चालन गर्ने श्रीमद् भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। मानव सेवा आश्रम तिलोत्तमा स्थित भवनको स्तरोन्नति र अक्षयकोष वृद्धिका लागि माघ ७ गतेदेखि १४ गतेसम्म महायज्ञ सञ्चालन हुन लागेको शनिबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। संस्थाको भवन बनाउंदा लागेको ऋण तिर्न र २०८२ सालसम्म सडक मानव मुक्त नेपाल बनाउने महाअभियान अन्तर्गत मणिग्रामसहित मुलुकका बिभिन्न स्थानमा महायज्ञहरु संचालन गर्न शुरु गरेको आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले बताए।

महायज्ञ आर्थिक संकलनको उद्देश्यले मात्र नभई मानवता प्रवर्द्धनका लागि गरिएको उनले बताए। महायज्ञ उद्घाटन अघि माघ ७ गते बिहान ८ बजे तिलोत्तमा शाखाको नवनिर्मित भवनको औपचारिक उद्घाटन लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले गर्नु हुने कार्यक्रम रहेको उनले बताए। महायज्ञमा भागवत भास्कर कमलनयन गौतमले निःशुल्क कथा वाचन गर्ने छन्।

महायज्ञबाट ३ करोड रूपैयाँ संकलन गर्ने लक्ष्य राखेको महायज्ञ मूल आयोजक समिति संयोजक लोकनाथ भुसालले बताए । उनका अनुसार महायज्ञले अक्षय कोष वृद्धि गरी आश्रममा आश्रित मानवहरूको उचित व्यवस्थापनमा गर्न सघाउ पुग्ने छ। छ। महायज्ञ बिहान १० बजे शोभा कलश यात्राबाट सुरु भई दिउँसो १२:३० बजे मुख्यमन्त्री आचार्यद्वारा उद्घाटन हुने आश्रमकी महासचिव शुशिला केसीले बताइन्।

महायज्ञमा संगीतमय कथा प्रवचनसंग राष्ट्रिय र स्थानीय कलाकारको प्रस्तुति, बिहानमा योगा लगायतका कार्यक्रम रहेका छन्।



## सम्पादकीय

## कृषिमा एकीकृत तथ्याङ्क प्रणालीको व्यवस्थापन

राष्ट्रिय कृषि गणना–२०७८ का अनुसार, नेपालमा कुल घर परिवारमध्ये ६२ प्रतिशतको मुख्य पेशा कृषि रहेको छ। लुम्बिनी प्रदेशमा ६७ प्रतिशत घरपरिवारको मुख्य पेशा कृषि रहेको छ। कृषिमा ठूलो जनसंख्या आश्रित रहेको र कृषिको व्यवसायिक विकासका लागि राज्यले ठूलो लगानी गरेपनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन्। राज्यले गर्ने लगानी लक्षित वर्ग र नतिजामुखी भन्दा कागजपत्र मिलाउने टाढावाठा व्यक्तिमाँझ मात्रै पगेकाले कृषिमा गरेको लगानीको प्रतिफल प्राप्त हुन नसकेको हो।

कृषिमा एकीकृत तथ्याङ्क प्रणालीको अभावमा राज्यस्रोतको दोहोरोपनाको उपभोग गर्ने वर्ग एकातिर छँदैछ, अर्कोतिर राज्यस्रोतको पहुँच नपुग्ने वर्ग सधै निराश हुनपरिरहेको छ। मुलुक संघीय शासन प्रणालीमा गइसकेपछि कृषि तहगत सरकारको साझा अधिकारको विषय हो। तहगत सरकारले कृषिमा अनुदान, उपकरण, मलबीउ खरिद गरी वितरण गरिरहेका छन्। तहगत सरकारले वितरण गर्ने अनुदान, उपकरण र मलबीउमा दोहोरोपना आएको छैन् भन्ने ग्यारेण्टी छैन्। एकीकृत तथ्याङ्क प्रणाली व्यवस्थापनमा ध्यान दिएको भए तहगत सरकारले गरेको लगानीको प्रतिफल पाउन संभव हुन्थयो।

अहिले स्थानीय तहबाट अनुदान लिने किसानले प्रदेश र संघबाट पनि लिएको छ, प्रदेशबाट लिनेले स्थानीय तहबाट पनि लिएको छ। कसैले कतैबाट पनि पाएको छैन्। एउटै टोलको एउटा किसानले दुई भन्दा बढी सरकारबाट अनुदान पाएको र अर्को किसान अनुदानबाट बञ्चित रहेको घटनाले समाजमा निराशा बढाउनु अस्वभाविक होइन्। कृषि अनुदान, औजार र मल बीउमा सबै किसानको पहुँच बढाउन एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली अपरिहार्य भइसकेको छ।

एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गर्न सक्दा तहगत सरकारले सूचना प्रविधिको प्रयोग गरी उपभोग गर्न सक्छन्। यो तथ्याङ्क प्रणालीबाट अनुदान, मलबीउ र औजार वितरण पनि पारदर्शी हुन्छ। कर्मचारीसँगको मिलेमतोमा टाठाबाठा किसानको मात्र पहुँच हुन्न।नेपालमा २०७८ सालमा कृषि गणना भयो। यो गणनाबाट प्राप्त तथ्याङ्कप्रति सरकारी निकाय नै प्रश्न गरिररहेका छन्।

गणनाबाट प्राप्त तथ्याङ्क यर्थाथपरक र वस्तुवादी भन्दा अनुमानित जस्तो भएको टिप्पणी हुँदै आएको छ। कृषि गणनामा आवश्यक समेटिनुपर्ने विषयवस्तु के– के हुन् ?कृषि गणनाका लागि कस्तो खालको जनशक्ति आवश्यक पर्छ ? भन्ने विषयलाई हेक्का नराख्दा कृषि गणना औपचारिकतामा सिमित भएको छ।

सूचना प्रविधिको जमानामा तथ्याङ्क व्यवस्थापन प्रणाली व्यवस्थित गर्न सहज छ। कृषिमा अपेक्षित नतिजा निकालेर युवालाई कृषिमै टिकाउने हो भने एकीकृत तथ्याङ्क प्रणाली व्यवस्थापन गर्न ढिलाई गर्न हुन्न। अनुदान, औजार मलबीउ पाउने किसानको तथ्याङ्क रहने र सहजै हेर्न मिल्ने भएकाले तहगत सरकारका काम पनि पारदर्शी हुन्छन्।

# धार्मिक स्थलहरूलाई प्लाष्टिकमुक्त बनाऔं



गंगा पोखरेल

पहिला–पहिला पूजामा प्रयोग गरिने सबै सामग्रीहरू प्रकृतिमैत्री हुन्थे। सालका दुना, टपरीमा पूजा सामग्री सजाइएको हुन्थ्यो। मण्डप सजावटदेखि पूजा गर्नको लागि विभिन्न थरीका मगमग वास्ना आउने फूलहरूले वातावरण सुगन्धित बनाउँथे। शुद्ध घिउले हवन गरिन्थ्यो। मगमग वास्ना आउने सालका टपरीमा प्रसाद वितरण गरिन्थ्यो।

माघ महिना शुरु भए सङ्गै विभिन्न तीर्थस्थलहरूमा मेला लाग्छ। अझ भनौं माघ महिनाभरी धार्मिक कार्यहरू धेरै नै हुन्छन्। नदी, घाटहरू र नजिकका मन्दिरहरूमा तीर्थालुहरूको चहलपहल माघ महिनाभरी धेरै नै देखिन्छ। यो अहिले शुरू हुन लागेको माघको प्रसङ्ग भयो। नेपालका जतिपनि तीर्थस्थलहरू छन् त्यहाँ अत्याधिक प्लाष्टिकजन्य सामग्रीहरूको थुप्रो नै देखिन्छ। धार्मिकस्थलहरूबाट भक्तजनहरूले धर्म कमाएर जान्छन् तर आफूसँगै ल्याएका प्लाष्टिकजन्य पदार्थहरू त्यतैकतै छोडेर जान्छन्। नदीको बगरभरी, नदीमा र मन्दिर परिसरभरी धुपका खोल, पूजासामग्री पोको पारेर ल्याएका प्लाष्टिकहरू यत्रतत्र देखिन्छन्। कहिले नसड्ने प्लाष्टिक माटो, नदी र वायुको लागि अत्यन्तै हानीकारक हुने प्लाष्टिकजन्य पदार्थले दिनप्रतिदिन धार्मिक स्थलहरूमा प्रदूषण बढाइरहेको छ।

परापूर्वकालदेखि चलिआएका हाम्रा वैदिक परम्परा, संस्कार र संस्कृतिमा प्रकृतिलाई पूजिन्छ। जल, वायु , आकाश, धर्ती र समग्र पर्यावरणको पूजाबिना हामीले गरिने कुनैपनि दैविक पूजाआजा र पितृ कार्जेहरू पूरा हुँदैनन्।

पहिला–पहिला पूजामा प्रयोग गरिने सबै सामग्रीहरू प्रकृतिमैत्री हुन्थे। सालका दुना, टपरीमा पूजा सामग्री सजाइएको हुन्थ्यो। मण्डप सजावटदेखि पूजा गर्नको लागि विभिन्न थरीका मगमग वास्ना आउने फूलहरूले वातावरण सुगन्धित बनाउँथे। शुद्ध घिउले हवन गरिन्थ्यो। मगमग वास्ना आउने सालका टपरीमा प्रसाद वितरण गरिन्थ्यो।

त्यतिबेला भोजनका निम्ति पनि सालकै टपरी थालको रूपमा प्रयोग गरिन्थ्यो। यस्तो मान्यता थियो कि सालको पात शुद्ध हुन्छ, यसरी गरिन्थ्यो पवित्र कार्जे।

तर आज विकास सँगसँगै परिवर्तन भयो चालचलन पनि। धर्मको नीतिनियममा पनि परिवर्तन ल्याए धर्मात्माहरूले। जेनतेन दुइचारवटा फुल, अलिकति पातको जोहो गरी दस्तुर गरेपछि अरू सबै तिनै प्लाष्टिकका सामग्रीको सहायता लिन थाले।

सबै कुराको नीतिनियम बनाई पूजा गर्नेले यो प्लाष्टिकको प्रयोग गर्न हुन्छ होला कि हुँदैन, पूजा गर्दा यसरी धर्म होला कि नहोला ? भन्नेतिर पनि थोरै ध्यान दिन जरूरी छ। हामीले पूजा गर्दा प्रयोगमा ल्याएका प्लाष्टिकका सामग्रीहरू प्रकृतिको लागि एकदमै हानिकारक हुन्छन्। यस्ता हानीकारक वस्तु त भगवानले पनि के मन पराउँथे होला र?

हामीले बालेका केमिकलयुक्त धूपले वायु दुषित बनाउँछ। प्लाष्टिकका झोलामा बत्ती, धुप, चन्दन,अक्षता, फूल,प्रसाद लगायतका पूजा सामग्री पोको पारेर ल्याउने अनि पूजा गरिसकेपछि पूजा सामग्री पोको पारेर ल्याएका प्लाष्टिक त्यतै कतै मन्दिरतिर अथवा मन्दिरको नजिकै नदी भए त्यहीँ नदीमा मिल्काउने नराम्रो आदत छ हाम्रो, जो नदी र सिगैं धर्तीलाई कष्टकर हुन पुग्दछ।

हाम्रो वरपर जति पनि धार्मिक तीर्थस्थलहरू छन्। त्यस्ता तीर्थस्थलहरूमा अत्यधिक रूपमा पूजा सामग्री पोको पारेर ल्याएका प्लाष्टिकहरू यत्रतत्र देखिन्छन्। अझै भनौ मन्दिरमा वितरण गरिने प्रसाद पनि प्लाष्टिकमै पोको पारेर दिन थालिएको छ। एक घुट्की पानीको लागि एउटा प्लाष्टिकको गिलास। यसरी अनियन्त्रित रूपमा प्रयोगमा ल्याइएका प्लाष्टिकले धार्मिक स्थलको सुन्दरतालाई कुरूप बनाएका छन्। कालीगण्डकीको किनार, मुक्तिनाथधाम, कागवेनी, त्रिवेणी, देवघाट, मातातीर्थजस्ता नेपालका जुनसुकै तीर्थस्थलमा पनि प्लाष्टिकका फोहोर यत्रतत्र देखिन्छन्। यहाँसम्म कि घरमा हुने कार्जेमा पनि प्लाष्टिकको र यसबाट निर्मित सामग्रीहरूको प्रयोग व्यापक रूपमा देखिन्छ।

यसले प्रकृतिलाई प्रत्यक्ष असर पारेको छ। धेरै पर जानुपर्दैन्, हामीले भोगेको विगतलाई अलिकति स्मरण गरौं–

मन्दिरमा जाँदा होस् अथवा कुनै पुजा, यज्ञमा जाँदा आकर्षक तरिकाले बुनेका ढकियाहरूमा रङ्गीचङ्गी फलफूल, पूजा सामग्री बडो कुशलतापूर्वक हरिया पातका खरी, दुना, टपरीमा सजाइन्थ्यो। त्यहाँ कुनै पनि प्रकारका प्लाष्टिकका सामग्रीको प्रयोग हुन्थेन्। कति राम्रो देखिन्थ्यो। पहिले गरिने सम्पूर्ण दैविक कार्जेहरू प्रकृतिमैत्री हुन्थे।

तर अहिले यो एउटा विकराल समस्याको रूपमा देखिएको छ। सम्पूर्ण धार्मिक स्थलहरूलाई प्लाष्टिकको फोहोरले छपक्कै छोपेको छ। अब सोच्नुपर्ने बेला आइसक्यो। कतै ढिलो नहोस्। धार्मिक कार्जेहरू गर्दा अलिकति प्रकृतिमैत्री भएर गर्नु अहिलेको टड्कारो आवश्यकता हो। जसले हाम्रो परम्परा र चलनलाई पनि निरन्तरता दिन्छ।

संस्कृतिलाई प्रकृतिमैत्री बनाउन त्यस्तो गाह्रो केही पनि छैन्। अलिकति जाँगर, थोरै तत्परता र पूजा गर्ने श्रद्धा भए पुग्छ। प्लाष्टिकका प्लेटको ठाउँमा सालका पातका दुनाटपरीको प्रयोग गर्ने बानी बसालौं। प्लाष्टिक एकदमै अशुद्ध चिज हो। यो मान्छेको लागि पनि हानिकारक छ। मान्छेलाई हानी हुने चिज भगवानलाई पनि हानी गर्छ।

भगवानलाई हानी गर्ने भनेको समग्र पर्यावरणलाई हानी गर्नु हो।

जब हाम्रो श्वास नै पर्यावरणमा निर्भर छ भने त्यही पर्यावरणलाई प्रदुषित पार्न हामी किन उद्दत छौं ? अनि हाम्रा समग्र संस्कृतिहरु प्रकृतिको काखमा रमाउन चाहन्छन् भने त्यही प्रकृति विनाशमा लालायित छौँ। तसर्थ हामी बाँच्न, पृथ्वीमा हाम्रो अस्तित्व कायम राख्न र संस्कृतिको विकास गर्न प्रकृतिको सम्बर्द्धन अपरिहार्य छ। प्रकृति जोगाए मात्र संस्कृति जोगिन्छ।

# स्थानीय तहमा कर्मचारी सरुवा भद्रगोल

प्रदिप न्यौपाने

कानुनतःएउटा भूमिका र जिम्मेवारीमा रहेको कर्मचारीलाई अर्को भूमिकाको जिम्मेवारी दिलाउन भूगोलको अनुभव गराउन सरुवा गर्ने परम्परा छ। कर्मचारीलाई लामो समयसम्म एउटै स्थान, कार्यालय वा भूमिकामा राख्दा स्वार्थपूर्ण कार्यलाई निरुत्साहित गर्न ज्ञान, सिप र क्षमता अनुसारको भूमिका दिन सरुवा आवश्यक हुन्छ। कर्मचारी एउटै कार्यालयमा लामो समय सम्म रहँदा कार्यमा भन्दा स्वार्थमा लाग्न सक्ने सम्भावनालाई रोक्न चक्रीय सरुवा प्रणाली लागु भएको इतिहास छ।

कर्मचारी सरुवाका लागि २०४९ र निजामती नियमावली २०५० र अन्य सेवा सम्बन्धी विशिष्ट कृत ऐन नियममा सरुवाको मापदण्ड स्पष्ट छ। लामो समय सम्म एउटै कार्यालय, एउटै भूमिका नराखी चक्रीय प्रणाली अनुसार २र२ वर्षमा कर्मचारी सरुवा गर्ने नियमावलीहरूमा उल्लेख छ। निजामती नियमावली तथा प्रदेश सरकारहरूले जारी गरेको कर्मचारी सरुवा मापदण्डमा स्पष्ट रूपमा अधिकतम दुई वर्ष कार्य गरेको कर्मचारीलाई सरुवा गर्ने उल्लेख छ। त्यसरी कर्मचारी सरुवा गर्दा सरकारले निर्धारण गरेको क, ख, ग र घ वर्गका जिल्लामा कार्य गरेको मापदण्डलाई आधार मान्दै आएको पाइन्छ।

सरुवा पहुँच, प्रभाव, शक्ति, दबाब, आग्रह र पूर्वाग्रहका वरिपरि घुमेको छ। हाम्रो जस्तो मुलुकमा यति वेला कर्मचारीको प्रकृति तीन प्रकारका छन्। सङ्घीय कर्मचारी, प्रादेशिक कर्मचारी र स्थानीय तहमा कार्यरत कर्मचारी रहेका छन्।

लामो राजनीतिक परिवर्तन अर्थात लोकतन्त्र स्थापना पश्चात स्थानीय तहको अवधारणा आएको हो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरेको नेपालको संविधान लागु भएपश्चात २०७४ असोज २ मा तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो।

मुलुकमा राजनैतिक रूपान्तरण पश्चात हाल आर्थिक, सामाजिक तथा प्रशासनिक रूपान्तरणको लागि मुलुक प्रयत्नशील छ। मुलुकमा धेरै परिवर्तन भए, जनप्रतिनिधि परिवर्तन भए, सङ्घीय तथा प्रादेशिक सरकारका कर्मचारी परिवर्तन भए तर स्थानीय तहमा कार्यरत कर्मचारी परिवर्तन अर्थात सरुवा हुन सकेका छैनन्। एउटै प्रकृतिबाट निजामतीमा प्रवेश गरेका कर्मचारी स्थानीय तहमा समायोजन हुँदा अहिले सरकारी जागिर प्रति वितृष्णा बढेको छ।

वि सं २०७४ सालमा सरकारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारीलाई समायोजन गर्ने अवधारणा अगाडि बढाई कार्यान्वयनमा ल्याउन ऐन(नियम लागु गऱ्यो। मन्त्रालयले ल्याएको नियम र कानुन अनुसार कर्मचारीलाई तीन चरणमा विभाजन गरियो सङ्घ, प्रदेश र स्थानीय तह। निजामती, शिक्षा समूह, घरेलु तथा साना उद्योग विकास समिति, दुर्गम विकास समिति र जिल्ला समन्वय समितिका कर्मचारीलाई समायोजन गरिएको थियो।

त्यसरी, समायोजन भएका कर्मचारी एउटै कार्यालय, भूमिका, भूगोलमा कार्य गर्दै आएका छन्। जबरजस्ती रूपमा एउटै कार्यालयमा कार्य गर्नुपरेको पीडा सङ्घीय र प्रादेशिक सरकाले बुझ्न सकेको छैन्। मनोभावना नबुझ्दा स्थानीय तहका जनप्रतिनिधिको दबाबमा कार्य गर्दै अन्योलताको भूमिमा यतिबेला कर्मचारी रुमलिएका छन्। स्थानीय तहमा २०७६ मा लोक सेवा आयोगमार्फत विज्ञापन गरी नियुक्ति भएका र समायोजन भएका कर्मचारीहरू सरुवाको मुद्दालाई लिएर २०८० असोजमा काठमाडौँ केन्द्रित आन्दोलन गरे।

तर, सङ्घीय मन्त्रालयले सरुवा चक्रीय प्रणाली तथा निजामती ऐन जारी गर्ने आश्वासन दिनुका साथै लिखित सम्झौता भयो, तै पनि सरुवा हुन सकेको छैन्। यति वेला सरुवा हुन नपाएर वाध्यात्मक रूपमा स्थानीय निकायमा कार्य गर्दै आएका कर्मचारीको मनोभावना कसले बुझ्ने, यस विषयमा सङ्घीय वा प्रदेश सरकारले तत्काल कुनै ऐन जारी गरी सम्बोधन गर्न आवश्यक हुन्छ।

स्थानीय तहमा समायोजन वा नयाँ नियुक्ति भएका कर्मचारीलाई बाग्मती प्रदेशले सरुवा गर्दै आएको भए पनि अन्य छ प्रदेशले कार्यान्वयन गर्न सकेका छैनन्। बागमती प्रदेशले जस्तै कर्मचारी सरुवाका लागि गण्डकी प्रदेशले नियम जारी गरेको भए पनि लागु हुन सकेको छैन्। कर्मचारी दुई वर्षमा सरुवा गर्ने गण्डकी प्रदेशको ऐनमा उल्लेख गरिएको भएता पनि त्यसलाई कार्यान्वयन हुन सकेको छैन्। सरुवाको पीडामा गण्डकी प्रदेश अन्तगतका ८५ पालिकाका सङ्घीय सरकारबाट समायोजन भएका तथा प्रदेश लोक सेवा अयोग वाट नियुक्त भएका कर्मचारी अन्योलतामा रुमलिएका छन्। गण्डकी प्रदेशमा कर्मचारी बढुवा तथा सरुवा नियम एक्कै दिनमा एउटै कानुनबाट आएको भए पनि बढुवा लागु भयो तर सरुवा भने अन्योलतामा रुमलिएको छ। प्रदेशमा मुख्यमन्त्री दुई वटा परिवर्तन भए तर स्थानीय कर्मचारीको सरुवा हुन सकेको छैन्।

राजनीतिक नेतृत्वको दबाब वा कर्मचारी व्यवस्थापनमा समस्या हुने देखेर गण्डकीले आफैले जारी गरेको कानुन लागु नगरेको हो। कानुनलाई पूर्ण रूपमा कार्यान्वयन नगर्दा गण्डकी प्रदेशमा स्थानीय तहमा लामो समय सम्म कार्यरत कर्मचारी उत्साहित हुने संरचनागत रूपमा कर्मचारीलाई मनोबल बढाउन प्रदेश सरकाहरुले सरुवा प्रणालीलाई अवलम्बन गर्नुपर्ने हुन्छ।

नेपालमा नियमित व्यवस्थित र पारदर्शी सरुवा पद्धतिको जग बसाल्न सकिएको छैन्। प्रभाव, पहुँच र स्वार्थ सम्झौताका लागि सरुवा गर्ने प्रचलन बढ्दै गएको छ। सचिव, सह सचिव महिना दिनमा सरुवा भई रहँदा तल्लो तहका कर्मचारी सरुवाको भूमिका अन्योलमा छ।

सङ्घीय निजामती ऐन लामो समयसम्म नआएको भन्दै स्थानीय तहमा समायोजन भएका कर्मचारी सरुवा नभई रहदा र प्रदेशमा कार्यरत कर्मचारी सरुवा नहुँदा यता सङ्घ र प्रदेशमा कार्यरत कर्मचारी भने चाहेको स्थानमा सरुवा हुने गर्दछन्। एउटै स्थानमा कार्य गर्ने एउटै नियम अनुसार नियुक्ति भएका कर्मचारी लामो समयसम्म सरुवा नहुनुले कर्मचारीलाई कार्यमा उत्साह भन्दा मनोटनस बढ्दै जान थालेको छ।

कर्मचारी सरुवा व्यवस्थापनका लागि तत्काल सङ्घ र प्रदेशले ध्यान दिनै पर्छ। लोकतन्त्र पश्चात सरुवा प्रणाली चक्रीय हुन सकेको छैन्। नेपालमा ७ प्रदेश, ७७ जिल्ला, ६ महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन्। यसरी लामो समयसम्म समायोजन भएका र प्रदेशका कर्मचारी एउटै कार्यालय, भूमिका, भूगोलमा कार्य भन्दा सरुवाको व्यवस्था तत्काल अगाडी बढाउनु पर्छ। प्रशासनबाट।

# अर्घाखाँची प्रिमियर लिग क्रिकेटको उपाधी सौजन्य समाज किमडाँडालाई

लक्ष्मण घिमिरे।

*अर्घाखाँची,*

अर्घाखाँची क्रिकेट संघले आयोजना गरेको अर्घाखाँची प्रिमियर लिग टि-२० क्रिकेटको उपाधी सौजन्य समाज किमडाँडाले जितेको छ। पाँचौं संस्करणको प्रतियोगितामा रोयल सन्धिखर्कलाई ५९ रनले पराजित गर्दै किमडाँडाले उपाधी जित्न सफल भएको हो।

टस हारेर पहिले ब्याटिङ गरेको किमडाँडाले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १२६ रन बनाएको थियो। किमडाँडाका लागी निखिल केसीले सर्वाधिक २९ रन बनाए। सरोज खत्री र विशाल बिकले समान १९ रन जोडेका थिए। बलिङमा सन्धिखर्कका नवजिवन केसी, नविन भण्डारी र रञ्जित भुसालले समान २-२ विकेट तथा सुदिप बस्नेतले १ विकेट लिए।

१२७ रनको लक्ष्य सहित जवाफी ब्याटिङमा उत्रिएको रोयल सन्धिखर्कले १६.१ ओभरमा सबै विकेट गुमाउँदै ६७ रन मात्र बनाउन सक्यो। नविन भण्डारीले १५ तथा सुदिप बस्नेतले १२ रन बनाउनु बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्। बलिङमा किमडाँडाका कप्तान बाबुराम थापाले ४, शुभम खनाल तथा महिन्द्र शाहीले समान २-२ र सरोज खत्रीले १ विकेट लिए। कप्तान बाबुराम प्लेयर अफ द म्याच समेत बने।




उपाधी उचालेसंगै सौजन्य समाज किमडाँडाले नगद १ लाख रुपैंयासहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै उपविजेता टिम रोयल सन्धिखर्कले नगद ५० हजार रुपैंयासहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

यस्तै ईमर्जिङ प्लेयर अफ द टुर्नामेन्टको अवार्ड किमडाँडाका शुभम खनालले पाएका छन्। बेस्ट अलराउन्डर अफ द टुर्नामेन्टको अवार्ड नविन भण्डारी, बेस्ट बलर अफ द टुर्नामेन्टको अवार्ड किमडाँडाका बाबुराम थापा, बेस्ट ब्याट्सम्यान अफ द टुर्नामेन्टको अवार्ड सुपर सुपा ईलाभेनका सागर चौहानले पाए। उनिहरुले नगद ५ हजार रुपैंया सहित अवार्ड पाए।

यस्तै प्लेयर अफ द टुर्नामेन्ट रोयल सन्धिखर्कका नविन भण्डारी रहन सफल भए। बलिङ तर्फ १० विकेट लिएका नविनले ब्याटिङमा समेत ९४ रन बनाएका थिए। उनले नगद १० हजारसहित अवार्ड पाएका हुन्।

# न्यू होराइजनद्वारा बालबालिकालाई भोजनदान



बटवल । न्यू होराइजन मा वि बुटवलले ३५ औं बार्षिकोत्सवको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत सृजनशील संस्था नेपाल, तिलोत्तमा आश्रित ३१ जना बालबालिकाहरूलाई भोजन दान गरेको छ ।

होटल म्यानेजमेन्टका विद्यार्थीहरूद्वारा विद्यालय परिसरमै तयार गरिएको खाजा र खाना खुवाउनका साथै बिद्यार्थीहरूले 'बालबालिकासँग हामी' नारासहित मनोरन्जनात्मक खेलहरू आयोजना गरी बिजेतालाई पुरस्कृत गरेका थिए ।

कार्यक्रममा न्यू होराइजनका उपप्राचार्यहरू बालकृष्ण भण्डारी, बासुदेव अर्याल र राजिव श्रेष्ठ तथा होटल म्यानेजमेन्टका प्राध्यापक बेनी थापा र कमल पुनले न्यू होराइनजले सामाजिक उत्तरदायित्व अन्तर्गत मानवीय सेवाका काम गर्दै आएको बताए ।

कार्यक्रममा सृजनशील संस्था नेपालकी अध्यक्ष बिजु पौडेल, महासचिव कल्पना ढकाल, कोषाध्यक्ष खुमा थापा र कार्यसमिति सदस्य सबिना ज्ञवाली,आश्रमका सुपरिटेन्डेन्ट बिनोदले बालबालिकाहरूसँग उपस्थित भई भोजन दान गरेकोप्रति आभार व्यक्त गरे ।

सो अवसरमा विद्यालयले बालबालिकाहरूलाई कापी समेत प्रदान गरेको व्यवस्थापन संकाय संयोजक प्रकाश खनालले बताए ।

# बलिदानी दिवस मनाइयो



भैरहवा । बलिदानी दिवसको अवसरमा जनमत पार्टी रुपन्देहीले पार्टी कार्यालय भैरहवामा दिप प्रज्वलन गरेको छ ।

मधेश आन्दोलन तथा देशका विभिन्न परिवर्तनका लागि आन्दोलन गर्दा शहिद भएका ज्ञात अज्ञात शहिदहरुको सम्भनामा पार्टी कार्यालय भैरहवामा जनमत पार्टीका नेता तथा कार्यकर्ताहरुबाट दिप प्रज्वलन गरिएको जनमत पार्टी रुपन्देहीका इन्चार्ज रामकेश गुप्ताले बताए ।

जनमत पार्टीले माघ ५ गते देशै भरी बलिदानी दिवस मनाउने घोषणा गरे अनुरुप दिवस मनाइएको हो । जनमत पार्टीका राष्ट्रिय सचिव भोपेन्द्र प्रसाद यादवको प्रमुख उपस्थितीमा जनमत पार्टी रुपन्देहीले भैरहवामा बलिदानी दिवस मनाएको हो ।

राष्ट्रिय सचिवल यादवले मधेश आन्दोलनका शहिदको सम्मानमा बलिदानी दिवस मनाएको बताए । मधेश आन्दोलनका शहिदको तस्बिरमा दीप प्रज्वलन गरी दिवस मनाएको यादवले बताए । उनले जनमत पार्टीले सबै वडाहरुमा दिवस मनाएको समेत जानकारी समेत दिए ।

डा. सीके राउत नेतृत्वको मधेश स्वराज आन्दोलनका प्रथम शहिद राम मनोहर यादव सहित विभिन्न आन्दोलनमा शहिद भएकाहरुको सम्झानामा आज देशै भरि जनमत पार्टीले बलिदानी दिवस मनाएको हो ।

# बुद्ध पब्लिकले उचाल्यो दोस्रो देवदह राष्ट्रपति रनिङ शिल्ड



माघ ५ । देवदहमा जारी दोस्रो राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिताको उपाधि देवदह बुद्ध पब्लिक आवासीय माध्यमिक विद्यालयले जितेको छ । माघ ३ देखि ५ गतेसम्म संचालन भएको प्रतियोगितामा देवदह बुद्ध पब्लिकले १० स्वर्ण पदक जित्दै रनिङ शिल्ड उचालेको हो ।

प्रतियोगितामा बुद्ध पब्लिकले १० स्वर्ण, १३ रजत र ४ काश्य हात पारेको छ । त्यस्तै सगरमाथा आवासीय माविले ८ स्वर्ण, ७ रजत र ८ कास्य जित्दै द्वितीय स्थान हासिल गरेको छ । प्रतियोगितामा ६ स्वर्ण, ३ रजत र ९ कास्य जित्दै केरवानी माविले तेस्रो स्थान हासिल गर्यो भने ४ स्वर्ण, १ रजत र ३ काश्यसहित भविष्य निर्माण माविले चौथो भएको छ ।

रनिङ शिल्ड उचालेको देवदह बुद्ध पब्लिकले १५ हजार, द्वितीय स्थान हासिल गरेको सगरमाथाले १० हजार रुपैयाँ र तृतीय स्थान हासिल गरेको केरवानी माविले ५ हजार नगद प्राप्त गरेको छ ।

दोस्रो देवदह राष्ट्रपति रनिङ्ग शिल्डको संयोजन देवदह-५ स्थित केरवानी माविले गरेको थियो । गत वर्ष माघ १२ देखि १४ गतेसम्म देवदह माविको संयोजनमा संचालित पहिलो देवदह राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सर्वाधिक १२ स्वर्ण पदक जित्दै देवदह माध्यमिक विद्यालयले शिल्ड उचालेको थियो ।

जसमा गत वर्षपनि सगरमाथा आवासीय माविले दोस्रो र केरवानी तेस्रो भएका थिए । सगरमाथाले ३ स्वर्ण, ६ रजत र २ कास्य जितेको थियो भने केरवानी माविले ३ स्वर्ण ५ रजत र ६ कास्य हात पारेको थियो ।

# सरकार नीतिगत भ्रष्टाचारलाई संस्थागत गर्दैछ : भुसाल



**प्रेम सुनार**

*गुल्मी*

नेकपा माओवादी केन्द्रकी उपाध्यक्ष तथा पुर्व मन्त्री पम्फा भुसालले कांग्रेस-एमाले नेतृत्वको सरकार देशलाई स्थायित्व दिने नाममा भ्रष्टाचारीहरुलाई जोगाउन र नीतिगत रुपमै भ्रष्टाचारलाई संस्थागत गर्न गठन भएको आरोप लगाएकी छन् ।

माओवादी केन्द्र धुर्कोट गाउँ कमिटीको तेस्रो अधिवेशन उद्घाटन गर्दै उनले हालै सरकारले संसद छलेर ल्याएको अध्यादेश भुमाफियाहरुको पक्षपोषण गर्न आएको आरोप लगाउदै यसविरुद्ध बिपक्षी राजनीति दलहरु सशक्त बिरोधमा उत्रिने चेतावनी दिइन् ।

४५ बर्ष पछि धुर्कोट ५ को वस्तुस्थित मामा घर आउँदा आफू भावुक बनेको भुसालले बताइन् ।

धुर्कोटका विभिन्न वडामा पुगेर नियाल्दा बिकासले फड्को मारेको समेत बताइन् ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्यद्वय निम बहादुर पाण्डे, बिरबहादुर कार्की, प्रदेश कमिटी सचिवालय सदस्यद्वय बुद्धि जिसी, भुपाल पोखेल, माओवादी केन्द्र धुर्कोटका निवर्तमान अध्यक्ष चेतमान कुवर, गाउँ कमिटी ईन्चार्ज गोपाल कुवर, सचिव कोश बहादुर थापा ,विनिता रोका पोखेल, राजन पोखेल र दलित मुक्ति मोर्चाका जिल्ला संयोजक राजु बिकले मन्तव्य राखेका थिए ।

गाउं अधिवेशनमा माओवादी नेता कार्यकर्ताको उल्लेख्य उपस्थितिले नेतृ भुसाल समेत उत्साहित भएको बताइन् ।

# रूपन्देही सुपरलिगमा वेष्टर्नको विजयी सुरुवात

भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा 'ए' डिभिजनका खेलहरु सुरु भएका छन् । यसअघि गत मंसिरमा डिभिजन 'बी' का खेलहरु भएका थिए । नेपाल सुपर लिगका कारण त्यसबेला 'बी' डिभिजनका खेलहरु आयोजना गरिए पनि 'ए' डिभिजनका खेलहरु पछि धकेलिएका थिए ।

रुपन्देही क्रिकेट संघको आयोजनामा शनिबारदेखि सुरु 'ए' डिभिजनको पहिलो खेलमा वेष्टर्न क्रिकेट क्लब विजयी भएको छ । लुम्बिनी खुकुरी क्लबलाई ४५ रनले पराजित गर्दै वेष्टर्नले विजयी सुरुवात गरेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको वेष्टर्नले निर्धारित ३२ ओभरमा ८ विकेट गुमाएर १ सय ३९ रनको मध्यमस्तरको योगफल बनायो । उसका लागि भुवन पाण्डेले २८, निरकुमार गुप्ता र अभिषेश गौतमले समान २०-२० तथा इशान पाण्डेले १६ र देव खनालले १२ रन बनाए । बलिङमा लुम्बिनी खुकुरीका शाहब आलम, अजयकुमार चौहान र शंकर रानाले २-२ तथा शेहजाद आलमले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको लुम्बिनी खुकुरीले २८ ओभर ३ बलमा सबै विकेट गुमाएर जम्मा ९४ रन बनायो र हार ब्यहोर्यो । उसका लागि शंकर रानाले सर्वाधिक २२ रन बनाउँदा निश्चल चौधरीले १६ रन बनाए । अन्य ब्याटरले भने दोहोरो अंकमा रन बटुल्न सकेनन् र टिमले हार व्यहोर्यो । खुकुरीलाई सस्तैमा रोक्न बलिङमा वेष्टर्नका सुझाव थापाले ७ ओभरमा २६ रन खर्चेर ५ विकेट लिए । यस्तै, इशान पाण्डेले २ तथा सन्देश थापा र अभिशेष गौतमले १-१ विकेट लिए । खेलमा सुझाव थापा प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

## गौमुखीको...

यसरी स्वीकृत दरवन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थी अनुपात वेगर र दरवन्दी मिलान वेगर न्युन विद्यार्थी रहेको विद्यालयमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखाई अनियमित भएको भन्दै महालेखाले प्रश्न उठाएको छ ।

**खरिद प्रकियामा चलखेल**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ९२० मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ। तर २०८० असार मसान्तसम्म पालिकाले मसलन्द सामग्री,फर्निचर फिक्चर्स र पूर्वाधार खर्च तथा कार्यालय सामान पटक–पटक गरी विभिन्न आपूर्तिकर्तासँग खरिद गरेको १ करोड ६६ हजार ९० रुपैंया भुक्तानी गरेको पाइएको छ।

पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई पटक–पटक गरी १० लाख भन्दा बढिको समेत खरिद गरेको पाइएको छ।

**बिमा नगरी निर्माण सम्पन्न**

सार्वजनिक खरिद नियमावली–२०६४ को नियम ११२ मा २० लाख रुपैयाँ भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनु पर्ने व्यवस्था रहेको छ।

निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खन्ड वा अंशमा उपनियम ९२० मा उल्लेख भएको कारण वाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी वा क्षतिको पुर्णप्रतिस्थापन खर्च समेट्ने गरी निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ।

तर यता पालिकाको १५ शैया अस्पताल भवन निर्माण कार्यको लागि महादेवर खिम्तिर आँसु मल्लरानी जे।भी सँग मिति २०८१ बैशाख १५ गते भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९ बैशाख १५ मा सम्झौता भएको थियो। उक्त निर्माण कार्यमा बिमा भएको नदेखिएकोले सम्झौता बमोझिम बीमा गराएर मात्र निर्माण कार्य अगाडि बढाउनु पर्नेमा सो अनुसार नभएकोले जोखिम बहनको लागि अनिवार्य बीमा हुनुपर्ने देखिन्छ।

त्यस्तै ठेक्का सम्झौतामा विमाको व्यवस्था गरेता पनि पालिकाले विमा नगराइ ७ प्रकारका निर्माण व्यवसायीसँग निर्माण कार्य सम्पन्न गरेको देखिएको छ। नियममा भएको व्यवस्था अनुसार समयमा विमा गराउन निर्माण व्यावसायीलाई जिम्मेवार बनाउनु पर्ने प्रतिवेदनमा उल्लेख छ।

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मणिग्राम, रुपन्देही लुम्विनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आसयको सुचना ।**

मिति:२०८१/१०/६

यस तिलोत्तमा नगरपालिका, रुपन्देहीको चालु आ.ब. ०८१/०८२ को स्वीकृत कार्यक्रमअनुसार यस कार्यालयबाट तपशिलका कार्य गर्नको लागि मिति २०८१/८/१७ गते प्रथम पटक प्रकाशित बोलपत्र आब्हानको सूचना अनुसार उक्त कार्यको लागि पेश भएका बोलपत्रहरु मध्ये यस कार्यालयको मुल्यांकन समितिको निर्णयानुसार तपसिल बमोजिमका बोलपत्र स्वीकृतको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२)को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक रु. |
|---|---|---|---|---|
| १ | NCB /TM/W/ 07/081-082 | श्री न्यू अम्वे निर्माण सेवा तिलोत्तमा ७ रुपन्देही | गणेशपुर हाटवजारहुदै वडा न. १३ १४ जाने सडक ६ | ३४२४२३०। |
| २ | NCB /TM/W/ 08/081-082 | श्री शुस्मा एण्ड सरोज निर्माण कन्ट्रक्सन, भक्तपुर | वनवाटिका चोकदेखी सामुदायीक बनको भवन हुदै फुटवल ग्राउन्ड जाने किनाराको सडक कालोपत्रे १ | ७२१५५९८। |
| ३ | NCB /TM/W/ 09/081-082 | श्री बिशणुपासा कन्ट्रक्सन,भक्तपुर | आलमदेबि मार्ग,माथिल्लो १० नं. तपाहा चोकदेखी दक्षिण सडक निर्माण | ६८५००००। |
| ४ | NCB /TM/W/10 /081-082 | श्री प्रिन्स निर्माण सेवा लुम्विनी रुपन्देही | भू.पू सैनिक सडक स्तरउन्नती तिलोत्तमा ११ | ७१५९५९७ . |
| ५ | NCB /TM/W/11/ 081-082 | श्री भार्गो निर्माण सेवा,कोटहीमाही १ रुपन्देही | अधुरो हाटवजारदेखी १० नं. वडाको सिमनासम्म सडक कालोपत्रे तिलोत्तमा १२ | ७१३२१९७। |
| ६ | NCB /TM/W/12/ 081-082 | श्री बस्याल बिन्दवासीनी निर्माण सेवा | रेहरा हेल्थपोस्ट हुदै जाने सडक स्तरउन्नती तिलोत्तमा १४ | ७१५३६५१। |
| ७ | NCB /TM/W/13/ 081-082 | श्री बस्याल बिन्दवासिनी निर्माण सेवा, काठमाण्डौ । | जनकटोल कृषि सडक स्तरउन्नती तिलोत्तमा | ७१८८६३१। |

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# 'खुला सिमानाका कारण व्यवसायमा समस्या'




बुटवल । रूपन्देही विद्युतीय व्यवसायी संघको १३औं वार्षिक साधारण सभा शनिबार बुटबलमा सम्पन्न भएको छ। साधारण सभामा बोल्दै नेपाल विद्युतीय व्यवसायी महासंघका अध्यक्ष रेशम प्रसाद देवकोटाले विद्युत व्यवसायमा सहजता ल्याउन सबै व्यवसायी संगठित भई लाग्नुपर्नेमा जोड दिए। उनले गुणस्तर कायम राख्न र अस्वस्थ प्रतिस्पर्धा हटाउन सबै लाग्नुपर्ने बताए। अहिले खुला सिमानाका कारण विद्युतीय व्यवसायमा केही समस्या आएको उल्लेख गरे।

देवकोटाले रुपन्देही शाखा देशकै उत्कृष्ट शाखाको रुपमा स्थापित भई सकेको र विभिन्न समयमा पुरस्कृत र सम्मानित हुँदै आएको भन्दै थप स्तरीय काम गर्न सुझाव दिए।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्यालले खुल्ला सिमानाका कारणले समस्या देखिएको भन्दै व्यवसायीहरूमा रहेको अस्वस्थ प्रतिस्पर्धाको मानसिकता हटाउनुपर्ने बताए।

कार्यक्रममा नेपाल विद्युत व्यवसायी महासंघका प्रथम उपाध्यक्ष प्रेम बहादुर जिसी, भिष्टा इलेक्ट्रोनिक प्रालिका सञ्चालक मधु भट्टराई, महासंघका कोषाध्यक्ष प्रकाश चन्द्र पाण्डे, लुम्बिनी प्रदेश विद्युतीय व्यवसायी महासंघका संयोजक लोकनाथ पोखरेल, रुपन्देही शाखाका संस्थापक अध्यक्ष एवं सल्लाहकार अनन्तमान थैव, रुपन्देही विद्युतीय व्यवसायी संघका अध्यक्ष सागर खरेल (शान्तराम खराल) , महासंघका तृतीय उपाध्यक्ष लोकनाथ सापकोटा, रूपन्देही होटल तथा रेस्टुरेन्ट व्यवसायी संघका अध्यक्ष लेखनाथ भण्डारी, विद्युतिय व्यवसायी संघ चितवन शाखाका अध्यक्ष विष्णुप्रसाद चालिसे लगायतले बोल्दै व्यवसायिक एकतामा जोड दिए। कार्यक्रममा रूपन्देही शाखाले चितवन शाखाको व्यवसायी संघको कार्यालय भवन निर्माणका लागि १ लाख ११ हजार १सय ११ रुपैयाँ नगद सहयोग गरेको छ।

रूपन्देहीका ६ नगर शाखामध्ये कार्यसम्पादनको हिसाबले तिलोत्तमा नगर प्रथम, देवदह नगर द्वितीय र सैनामैना नगर तृतीय भएका छन्।

कार्यक्रममा पढाइमा उत्कृष्ट व्यवसायीका सन्ततिहरुलाई सम्मान तथा पुरस्कृत गरिएको वरिष्ठ उपाध्यक्ष केशव कुमार सिंहले बताए। कार्यक्रमको सञ्चालन महासचिव विष्णु भण्डारीले गरेका थिए।

# वसन्तपुरमा नेपाल-भारत प्रदेशस्तरीय सुरक्षा बैठक



बुटवल । पाल्पाको तिनाउ गाउँपालिका वसन्तपुरमा नेपाल-भारत सुरक्षा बैठक सम्पन्न भएको छ।

सीमा क्षेत्रमा हुने अवैध क्रियाकलाप नियन्त्रण, सीमा स्तम्भहरुको मर्मत तथा सम्भार, दशगजा क्षेत्रमा हुने अतिक्रमण लगाएतका बिषयमा छलफल गर्दै सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलवीचको डिआईजी स्तरीय समन्वयात्मक बैठक सम्पन्न भएको छ।

लुम्बिनी केबलकारको माथिल्लो स्टेसन बसन्तपुरस्थित कामाख्या मन्दिर परिसरमा भएको बैठकमा सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालयले आयोजना गरेको छैठौ समन्वयात्मक बैठकले दशगजा क्षेत्र अतिक्रमण गरी बनाईएका भौतिक संरचनाहरु संयुक्त प्रयासद्वारा हटाउने, दशगजा क्षेत्रको सरसफाई तथा सौन्दर्यकरण गर्ने निर्णय गरिएको सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रदिप कुमार पालले जानकारी दिए।

बैठकले मानव तस्करी, अपहरण, नक्कली मुद्रा, हातहतियार, गोलिगठ्ठा, लागूऔषध तथा प्रतिबन्धित औषधी लगायत अवैध वन्यजन्तु तस्करी नियन्त्रण, गैरकानुनी रुपमा प्रवेश गर्न खोज्ने तेस्रो देशका नागरिकहरुको नियन्त्रण तथा रोक लगाउने विषयमा विस्तृत रुपमा छलफल गरी दुई देशका सीमा सुरक्षा निकट बीच समन्वय र सहकार्य बढाउने निर्णय भएको सशस्त्र प्रहरी नायव महानिरीक्षक पालले बताए। सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलबीच संयुक्त अभियान अन्तर्गत दशगजा क्षेत्रमा संयुक्त गस्ती, हेल्प तथा हेल्थ डेस्क संचालन, खेलकुद तथा विविध अभ्यासहरुलाई समेत निरन्तरता दिईने बैठकबाट सहमती गरिएको उनको भनाई छ।

बैठकमा सशस्त्र प्रहरी नायव महानिरीक्षक पालले छलफलको क्रममा उठेका सबै विषयहरुको कार्यान्वयनको सम्बन्धमा समकक्षी निकायको प्रभावकारी एवं परिणाममुखी भूमिका आवश्यक रहेको औल्याए।

सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक कमल प्रसाद तिउसीनाले नेपाल-भारत खुल्ला सीमा सम्बन्धी समस्या तथा चुनौतीहरु र त्यसका समाधानका विषयमा प्रस्तुतीकरण गरेका थिए।

बैठकमा भारततर्फबाट भारतीय सशस्त्र सीमा बलको सेक्टर हेडक्वाटर लखीमपुर खिरीका डिआईजी बी. विक्रमन तथा सेक्टर हेडक्वाटर गोरखपुरका डिआईजी मुन्ना सिंहले आफ्ना भनाई राखेका थिए।

यसअघि सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बल बीच डिआईजी स्तरीय पाँचौ समन्वयात्मक बैठक भारतको उत्तर प्रदेश स्थित आईसिपी रुपैडियाको बहराईचमा सम्पन्न भएको थियो।

# रामचन्द्र-मैनादेवी अनाथ आश्रमको २८औं साधारणसभा

तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा ६ मा सञ्चालित रामचन्द्र-मैनादेवी अनाथ आश्रमको २८औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

साधारणसभामा बोल्दै तिलोत्तमा ६ का वडाध्यक्ष गणेश पाठकले अनाथ आश्रमहरु सभ्य समाजका लागि गहना भएको बताए। राज्यले गर्नु पर्ने पुण्य काम रामचन्द्र-मैनादेबी अनाथ आश्रमले गरेको भन्दै उनले यस्ता आश्रमहरु नहुने हो भने समाजमा बालबालिका र किशोर-किशोरीहरु गलत बाटोमा लाग्नसक्ने जोखिम हुने बताए ।

आश्रमले पालन पोषण, शिक्षा दिक्षा दिएकाले अनाथ असहाय बालबालिकाले असल संस्कार, नैतिकता सिकेका भन्दै अध्यक्ष पाठकले मैनादेवीको योगदानलाई वडा र नगरपालिकाले पनि उच्च सम्मान गरेको बताए। जुनसुकै संस्था आर्थिक पारदर्शी हिसाबले चल्लेको खण्डमा संस्थाप्रति समाजको विश्वास र गरिमा बढ्ने अनि दिगो रूपमा चल्न सक्ने अध्यक्ष पाठकले सुझाव दिए। आश्रमलाई अत्यावश्यक कामका लागि नगर र वडा बाट हरेक वर्ष बजेट दिने गरेको पाठकले बताए। कार्यक्रममा संस्थाकी अध्यक्ष मैनादेवी भण्डारीले आश्रममा कर्मचारी राखेर व्यवस्थित ढंगले चलाउन अक्षयकोषलाई कम्तीमा एक करोड पुऱ्याउनुपर्ने खांचो रहेको भन्दै हरेक वर्ष महायज्ञ आयोजना गर्दै आएको बताइन्। हालसम्म अक्षयकोषमा ५० लाख बढी रकम संकलन भएको छ।

आश्रम स्थापनाको शुरुका डेढ दशक गाउं गाउं डुलेर मुट्ठीदान संकलनबाट आर्थिक स्रोतको जोहो गरेर आश्रमलाई यहांसम्म ल्याएको भन्दै अहिले




उमेर ढल्किंदै गएको र स्वास्थ्यले समेत साथ दिन छाडेकाले कर्चचारीलाई अक्षयकोषको ब्याजबाट तलब दिन सक्ने स्थिति बनाउन अक्षयकोषलाई एक करोड पुराउन सबैको साथ चाहिएको बताइन्।

मैनादेवीका श्रीमान् रामचन्द्रले १५ धुर जग्गा आश्रमको नाममा पास गरिदिएका थिए। त्यही जग्गामा मैनादेवीले दातासंग रकम मागेर १० कोठाको २ तले पक्की भवन बनाएकी छन्।

शुरुमा ३ जना अनाथबाट शुरु भएको आश्रमको आफ्नै भवन बनेपछि २५ जना सम्म राख्न मिल्ने क्षमताको भएको छ।

आश्रममा अनाथ बालक र बालिका राख्दै आएकी मैनादेवीले व्यवस्थापन गर्न गाह्रो भएपछि ६१ सालदेखि बालक मात्र राख्न शुरु गरेकी हुन्। अहिले आश्रममा १२ जना बालक छन्। उनीहरुले तिलोत्तमाकै शान्ति नमूना माविमा पढिरहेका छन्।

साधारणसभामा सीता वस्ताकोटी, चन्द्रकला भुसाल लगायतले बोल्दै आश्रमले एक करोडको अक्षयकोष बनाउने अभियानमा सबैको सहयोग चाहिने धारणा राखेका थिए। यस्तै आश्रमले सञ्चालन गरेको महायज्ञबाट ३ लाख ४५ हजार रुपैयां वचत भएको टिकाराम खनालले जानकारी गराएका थिए।

# खो-खो विश्वकपमा नेपालको किर्तिमानी जित




बुटवल। भारतमा जारी खो खो विश्वकपमा नेपालले उत्कृष्ट प्रदर्शन जारी राख्दा महिला टोली फाइनलमा पुगेको छ। नेपाली महिला राष्ट्रिय खो खो टोलीले शनिबार पहिलो सेमिफाइनलमा युगान्डालाई पराजित गर्दै ऐतिहासिक फाईनल यात्रा तय गरेको हो।

नयाँ दिल्ली स्थित ईन्दिरा गान्धी ईन्डोर हलमा भएको खेलमा नेपालले युगान्डालाई ८९-१८ ले हरायो। नेपालले अब दक्षिण अफ्रिका र भारतबीच हुने दोस्रो सेमिफाइनल विजेतासँग उपाधिका लागि खेल्नेछ।

नेपालको कुनै पनि टोली कुनै पनि खेलको विश्वकपमा फाइनलमा पुगेको यो पहिलो पटक हो। नेपालको लागि कुनै पनि खेलको विश्वकप पुग्नु नै ठूलो विषय हुन्छ। त्यसमा पनि खो खो विश्वकप खेलेर अपराजित रहँदै फाइनल नै पुग्नु नेपाली खेलकुदकै ऐतिहासिक क्षण हो।

नेपालको महिला टोली अपराजित रहँदै फाईनल पुगेको हो। यसक्रममा नेपालले हालसम्म खेलेको सबै ६ खेल जित्यो। महिलातर्फ समूह सी मा रहेको नेपालले सबै चार खेल जित्दै समूह सी को विजेताको रूपमा क्वाटरफाइनलमा प्रवेश गरेको थियो।

नेपालले पहिलो खेलमा भुटानलाई ९३-२४ ले, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ ले, तेस्रो खेलमा श्रीलंकालाई ११०-१० ले र चौथो खेलमा बंगलादेशलाई ८४-२४ ले पराजित गरेको थियो।

यसैगरी क्वाटरफाइनलमा इरानलाई १०३-८ अंकको अन्तरले हराउँदै नेपाल सेमिफाइनलमा पुगेको थियो।

खो खो विश्वकपमै पुरुषतर्फ नेपालले आजै सेमिफाइनलमा इरानसँग प्रतिस्पर्धा गर्नेछ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com